गोकुलगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: २ | संख्या: १० | मिति: २०७८/०८/०१

भाग-२

गोकुलगंगा गाउँपालिका

## कृषि मेला, महोत्सव/प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

आज्ञाले,

ईश्वरी प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

# कृषि मेला, महोत्सव/प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८

प्रस्तावनाः गोकुलगंगा गाउँपालिका, गाउं कार्यपालिकाको कार्यालय रस्नालु, रामेछापको आर्थिक बर्ष ०७८/०७९ मा स्वीकृत कार्यक्रम अनुसार सक्षम र समृद्ध गाउँपालिका निर्माणको लागि गाउँपालिकाले लिएको ५ बर्ष लक्ष्य अनुसार कृषि तथा पर्यटनको माध्यमबाट गाउँपालिकालाई समृद्ध बनाउन कृषि उत्पादनलाई सहयोग गर्ने नयां कृषि प्रविधिहरुको प्रदर्शन अनुशरण तथा विस्तारमा सहजिकरण गर्न तथा कृषकहरुद्वारा उत्पादित र प्रशोधित कृषि उपजहरु प्रदर्शनमा राखेर उनिहरु बिच प्रतिस्पर्धा गराई उत्पादन बृद्धि गर्न उत्प्रेरित गर्ने उद्देश्यले सञ्चालन हुने कृषि मेला/महोत्सवलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले गाउँपालिकाले कृषि मेला, महोत्सव/प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ तयार गरी कार्यन्वयनमा ल्याएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "कृषि मेला, महोत्सव प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) गाउँपालिका भन्नाले गोकुलगंगा गाउँपालिका सम्झनु पर्दछ ।

(ख) कार्यालय भन्नाले गाउं कार्यपालिका तथा मातहतका कार्यालयहरु सम्झनु पर्दछ ।

(ग) कार्यक्रम भन्नाले गोकुलगंगा गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको वार्षिक कार्यक्रम अन्तर्गतको आलु, किवि र सास्कृतिक महोत्सव लगायतका कृषि, पशुपंक्षी तथा पर्यटन संग सम्बन्धित कार्यक्रम समेतलाई जनाउनेछ ।

(घ) सहयोग रकम भन्नाले आलु, किवि तथा सास्कृतिक महोत्सव सञ्चालनको लागि कृषक समूह, कृषि सहकारी लगायतका संस्थाहरुले पेश गरेको स्वीकृत प्रस्तावको आधारमा उपलब्ध गराईने रकमलाई सम्झनु पर्दछ ।

(ङ) संस्था भन्नाले कानुनी प्रकृया पुरा गरेर नेपाल सरकार तथा प्रदेश सरकारका विभिन्न निकायहरु वा स्थानीय तह अन्तर्गतका अधिकार प्राप्त निकायहरु द्वारा विधिवत् रुपमा दर्ता भई प्रमाण पत्र प्राप्त तथा नविकरण भएका कृषि सहकारी, कृषक समूह लगायतका सरकारी, गैरसरकारी संघ-सस्था संगठन, महासंघ तथा कम्पनी समेत सम्झनु पर्दछ ।

(त) प्रस्ताव भन्नाले कृषि मेला महोत्सव तथा प्रदर्शनी सञ्चालनका लागि सहयोग रकम प्राप्त गर्न साझेदार संस्थाले पेश गरेको आर्थिक व्यवस्थापन तथा कार्ययोजना सहितको आवेदन सम्झनु पर्दछ ।

परिच्छेद-२

**कृषि मेला, महोत्सव/प्रदर्शनी (आलु, किवि तथा सांस्कृतिक महोत्सव) सञ्चालन तथा व्यवस्थापन प्रकृया**

३. **गाउँ कार्यपालिकाको कार्यालय आफैले कृषि मेला, महोत्सव/प्रदर्शनी (आलु, किवि तथा सस्कृत महोत्सव) सञ्चालन गर्ने** : (१) गाउँ कार्यपालिकाको कार्यालयले आवश्यकता, औचित्यता र संभावनाको आधारमा कृषि मेला, महोत्सव/प्रदर्शनी (आलु, किवि तथा सास्कृतिक महोत्सव) सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम कार्यक्रम सञ्चालन गर्दा बार्षिक स्वीकृत बजेटको परिधिभित्र रहि कार्यक्रम तथा कृयाकलापहरुको लागत अनुमान सम्बन्धित कार्यालय प्रमुखबाट स्वीकृत गरी कार्यक्रम आयोजक मुल व्यवस्थपन समिति तथा आवश्यकतानुसार उपसमितिहरु गठन गरी सञ्चालन गर्न सकिनेछ ।

(३) कार्यालयले कृषि मेला, महोत्सव प्रदर्शनी (आलु, किवि तथा सस्कृत महोत्सव) सञ्चालन गर्न सम्बन्धित सरोकारवाला निकायहरुसंग आर्थिक तथा भौतिक रुपमा समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

(४) **अन्य संस्थाहरुको साझेदारीमा सञ्चालन हुने कृषि मेला, महोत्सव/प्रदर्शनी (आलु, किवि तथा सास्कृतिक महोत्सव) सञ्चालन कार्यक्रममा सहयोग** : (१) विभिन्न संस्थाहरुले आयोजना गर्ने कृषि मेला, महोत्सव/प्रदर्शनी (आलु, किवि तथा सास्कृतिक महोत्सव) कार्यक्रममा कार्यालयले स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही देहाय बमोजिमको रकम सहयोग गरी आयोजक/सह आयोजक/प्रायोजक, प्रवर्द्धकको रुपमा रहन सक्नेछ ।

(क) पालिका स्तरमा सञ्चालन हुने महोत्सव आयोजक : अधिकतम रु.२०,००,०००।- (बिस लाख) सम्म ।

(ख) पालिका स्तरमा सञ्चालन हुने महोत्सव सह आयोजक/प्रायोजक/प्रवर्द्धकको : अधिकतम रु.२,००,०००।- (दुइ लाख) सम्म ।

(ग) जिल्ला स्तरमा सञ्चालन हुने महोत्सव : अधिकतम रु. ३,००,०००।- (तिन लाख) सम्म ।

(घ) प्रदेश स्तरमा सञ्चालन हुने महोत्सव : अधिकतम रु. ५,००,०००।- (पाँच लाख) सम्म ।

(२) उपदफा १ बमोजिम विभिन्न संस्थाहरुले आयोजना गर्ने कृषि मेला, महोत्सव प्रदर्शनी (आलु, किवि तथा संस्कृत महोत्सव) कार्यक्रममा रकम सहयोगको लागि सम्बन्धित संस्थाले कार्यक्रम सञ्चालन गर्नु अघि कार्यक्रमको प्रस्ताव सहित रकम सहयोगको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ र सम्बन्धित कार्यालयले स्वीकृत बजेटको अधिनमा रही के कति रकम कुन कुन शिर्षकमा खर्च गर्ने हो, सोही अनुसार दुइ पक्ष बिच सम्झौता गर्नुपर्नेछ।

(३) गाउँपालिकाको कार्यालयबाट सहयोग गरिने रकम मेला आयोजक संस्थाले स्टल, कृषकलाई पुरस्कार, कृषकको आतेजाते खर्च, कृषि सम्बन्धि प्रचार-प्रसार लगायतका कृषि सम्बन्धि प्रदर्शन कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्न सक्नेछ।

(४) कार्यक्रम सम्पन्न भई सकेपश्चात साझेदार संस्थाले कार्यसम्पन्न प्रतिवेदन र खर्च बिल सहित रकम भुक्तानीको लागि मेला आयोजक संस्थाले निवेदन पेश गरेमा सम्झौता अनुसार कार्यालयले भुक्तानी गर्नेछ।

(५) प्रस्तावक संस्थाले पेश गरेको प्रस्तावको मुल्याङ्कन गर्नको लागि देहायमा उल्लेखित प्रस्ताव मुल्याङ्कन सिफारिस समिति रहनेछ।

क) संयोजक, शिक्षा शाखा प्रमुख

ख) सदस्य, पशुपंक्षि विकाश शाखा प्रमुख

ग) सदस्य-सचिव, कृषि विकास शाखा प्रमुख

यस समितिमा आवश्यक्तानुसार सम्बन्धित अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(६) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावकले पेश गरेको प्रस्ताव उपयुक्त छैन भनि मुल्याङ्कन समितिले सिफारिस गरेमा उक्त प्रस्ताव स्वत अस्वीकृत भएको मानिनेछ।

परिच्छेद-३

## विविध

**५. बाधा अड्काउ फुकाउने :-** (१) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको कार्यालयको हुनेछ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ।